तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ०५ मितिः २०८०/०४/२१ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि २०८०

१. प्रस्तावनाः तमानखोला गाउँपालिका पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अबलम्वन गरेका छन् । यसरी यस पालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउन आवश्यक भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “गाउँपालिका” भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) “अध्यक्ष” भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) “उपाध्यक्ष” भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) “वडा” भन्नाले तमानखोला गाउँपालिकाको सबै वडाहरूलाई सम्झनु पर्दछ ।

च) “सहकारी” भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न तमानखोला गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ । यस शब्दले तमानखोला गाउँपालिकाका कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।

छ) “तरकारी” भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला, पाटेघिरौला, भान्टा, फर्सि, कांक्रा, स्कुस, परबर, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

ज) “फलफूल” भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आप, लिचीलगायत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

झ) “मसलाजन्य वस्तु” भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई

जनाउनेछ |
ञ) "व्यापारी भन्नाले" तमानखोला गाउँपालिकामा ब्यवसाय दर्ता गरी उद्धोग बाणिज्य सघमा दर्ता भई पान न लिएको तमानखोला गाउँपालिका भित्र उत्पादित कृषि जन्य सामाग्रीलाई ब्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ ।
ट) "समुह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न तमानखोला गाउँपालिका भित्रका समुहहरू लाई जनाउनेछ।
ठ) "कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न तमानखोला गाउँपालिका भित्रका कृषि फर्म हरू लाई जनाउनेछ ।

३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरूः
क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको सिमाभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु, अण्डामा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह, दलहन, तेलहन, मसलाजन्य, खाद्यान्नवाली तथा तरकारी विउ र फलफुल विरुवा वस्तुमा अनुदान उपलब्ध गराउने छ ।

४. अनुदान उपलब्ध गराउने विधिः
क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि वडा स्तरिय कृषि विकास तथा पशु सेवा समिति/ कृषि संकलन केन्द्र मार्फत बिक्री गरेको हुनु पर्नेछ। समिति वा संकलन केन्द्र मार्फत बिक्रि हुन नसकेको खण्डमा समितिले आफ्नो वडामा अन्य व्यापारी मार्फत भएको खरिद बिक्रि लगायतको तथ्याङ्कको अभिलेख कृषकहरूबाट प्राप्त गरि सुरक्षित राख्नेछ।
ख) वडा स्तरिय कृषि तथा पशु सेवा समिति/ कृषि संकलन केन्द्रले बैठक बसि कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।
ग) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी बार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।
घ) वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रले निर्धारण गरेको मूल्यको सूचि कृषक/कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले सबैले देख्ने गरी सार्वजनिक स्थानमा सूचना (संकलन केन्द्र/कोल्ड स्टोर/कोल्ड रूम वा कुनै कृषि सम्बन्धित संरचनामा) टाँस गर्नुपर्नेछ ।
ङ) समिति/संकलन केन्द्रको खरिद मूल्य (किसानको बिक्रि मूल्य) तथा बिक्री मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य बिचको अन्तर कम हुनु पर्नेछ । तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।
च) खरिद र बिक्री मूल्यबिच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रको हुनेछ र उक्त रकम समितिको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन, व्यवस्थापकीय खर्च तथा उत्पादन मूलक क्षेत्रमा खर्च गर्न सक्नेछ ।
छ) वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रबाट कृषकहरू मार्फत खरिद भएको अभिलेख अनुसूचि १ अनुसार राख्नु पर्नेछ र खरिद हुन नसकेको वस्तु बाहिरि व्यापारी मार्फत खरिद भएमा सोको जानकारी कृषि तथा पशुजन्य वस्तुको अभिलेख अनुसूचि २ अनुसार स्पष्टसँग राखेको हुनुपर्नेछ। बिक्रि वितरण गर्दा उपलब्ध हुने सम्मको बिल अथवा भरपाई, नागरिकताको फोटोकपी तथा कृषकको चेक खाताको फोटोकपी समेत अभिलेखसँग सुरक्षित राख्नुपर्नेछ।
ज) संकलन केन्द्र/वडा स्तरिय कृषि तथा पशु सेवा समितिले राखेको अभिलेखको आधारमा वडाले पालिका स्तरिय कृषि तथा पशु सेवा समिति तथा सम्बन्धित विषयगत शाखालाई अभिलेख रूजु गरि सिफारिस गरी पठाउनु पर्नेछ।
ञ) गाउँपालिका/पालिका स्तरिय कृषि तथा पशु सेवा समिति/कृषि शाखाले अभिलेख तथा किसानको उत्पादन र बिक्रि वितरणको समय समयमा अनुगमन निरीक्षण गर्नेछ। झुठा विवरण राख्ने र पेश गर्ने व्यक्तिलाई समिति/ सम्बन्धित शाखाले आवश्यक कारवाही गरिनेछ। कारवाहीमा सो व्यक्तिको अनुदान रकम रद्द गर्न सकिनेछ। त्यस बाहेक पालिका स्तरिय समिति

तथा सम्बन्धित शाखाको संयुक्त बैठकले निर्धारण गरि थप कारबाहि गर्न सकिनेछ।

५. उपलब्ध गराउने अनुदान रकम मापदण्ड

क. संकलन केन्द्र वा वडा स्तरिय कृषि तथा पशु सेवा समिति मार्फत कृषि तथा पशुजन्य उत्पादन खरिद भएको खण्डमा कृषकले संकलन केन्द्र वा वडा स्तरिय कृषि तथा पशु सेवा समितिलाई बिक्रि गरेको मूल्यको १० प्रतिशत बमोजिमको रकम अनुदान उपलब्ध गराईनेछ। सो खरिद/बिक्रिको अभिलेख, बिल/भरपाई, कृषकको नागरिकता, कृषकको बैंक चेक फोटोकपी आदि वडा स्तरिय कृषि तथा पशु सेवा समिति/संकलन केन्द्रले वडाको सिफारिस सहित सम्बन्धित शाखा तथा पालिकाको समितिलाई जानकारी गराउनेछ। पालिकाको समिति तथा सम्बन्धित शाखाले संयुक्त बैठख बसी सो अभिलेख पास भए पश्चात अनुदान रकम प्रदान गरिनेछ। प्राप्त अभिलेखहरूमा केहि तथ्याङ्क गलत लागेमा स्थलगत अनुगमन गर्न सकिनेछ।

ख. संकलन केन्द्र वा वडा स्तरिय कृषि तथा पशु सेवा समिति मार्फत कृषि तथा पशुजन्य उत्पादन खरिद हुन नसकेको खण्डमा कृषकहरूले बिक्रि गरेको १०% अनुदान रकम उपलब्ध गराइने छैन। सो अवस्थामा कृषकहरूलाई कृषि उपज तथा पशुजन्य उत्पादनको प्रति इकाई अनुदान रकम निर्धारण गरि जम्मा अनुदान रकम वितरण गरिनेछ। प्रति इकाई अनुदान रकम निर्धारण गर्न तपशिल तथ्याङ्कलाई आधार मानि पालिका स्तरिय कृषि विकास तथा पशु सेवा समिति र सम्बन्धित शाखाको संयुक्त बैठक बाट गर्न सकिनेछ।

**तपशिलः**

- संकलन केन्द्र वा वडा स्तरिय कृषि तथा पशु सेवा समितिहरू बाट वस्तुहरूको अनुसुचि १ अनुसार भएको अभिलेखबाट औसत खरिद मूल्य निर्धारण गरि सोको १०% रकम।
- वडा स्तरि कृषि विकास तथा पशु सेवा समितिहरू बाट अनुसुचि २ अनुसार भएको अभिलेखबाट औसत बिक्रि मूल्य निर्धारण गरि सोको १०% रकम।
- प्रचलित बजार मूल्यको १०% अनुदान रकम।
- अघिल्लो आ.व. को प्रति ईकाइ अनुदान रकम।
- संयुक्त बैठकबाट छलफल भई पास भएको प्रति इकाई अनुदान रकम।

ग. कृषि तथा पशुजन्य वस्तुको बिक्रि गर्दा कर दाखिला नभएको खण्डमा अनुदान रकमबाट कर रकम असुलि गरि बाँकी अनुदान रकम प्रदान गरिनेछ।

घ. प्राप्त भएको बजेट अपुग भएमा कृषकको कुल बिक्रिको अनुसार समानुपातिक रूपमा किसानहरूलाई अनुदान रकम वितरण गर्न सकिनेछ। सोको लागि पालिका समिति तथा सम्बन्धित शाखाको संयुक्त बैठकले निर्धारण गर्नेछ।

ङ. अनुदान उपलब्ध गराउँदा कृषकको व्यक्तिगत बैंक खातामा रकम जाने गरि अनुदान प्राप्त हुनेछ।

६. अनुदान रकम निकासाः अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट बार्षिक/ चौमासिक/ मासिक/ प्रत्येक बालिको सिजनको अन्त्यमा अनुकुलताको आधारमा उपलब्ध गराउन सकिनेछ ।

७. अन्य क्षेत्रमा अनुदानः यस कार्यविधीमा उल्लेख अनुदान प्राप्त गर्ने कृषकहरूलाई यो कार्यक्रम बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

८. बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

९. परिमार्जन तथा संशोधन कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसुचि- १**

**संकलन केन्द्र वडा स्तरिय कृषि तथा पशुसेवा समिति मार्फत खरिद भएको अभिलेख**

| **क्र.स.** | **कृषकको नामथर** | **कृषकको फोन नं.** | **खरिद वस्तु** | **खरिद परिमाण (ईकाइ अनुसार)** | **खरिद मूल्य** | **जम्मा रकम** | **खरिद मिति** | **कृषकको हस्ताक्षर** | **कृषकको खाता नम्बर** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उदाहरण १ | राम प्रसाद छन्त्याल | १२३४५६७८९० | आलु | ३ पाथि (प्रचलित ईकाइ अनुसार परिमाण राख्ने) | १५० | ४५० | २०८०/०८/०३ | | १२३४५६७८९० | |
| उदाहरण २ | हरि प्रसाद वि.क. | ५४३२१०९८७६ | किवि | ३ के.जी (प्रचलित ईकाइ अनुसार राख्ने) | २५० | ७५० | २०८०/०८/०३ | | १२३४५६७८९० | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसुचि-२**

**वडा स्तरिय कृषि तथा पशु सेवा समिति मार्फत खरिद बिक्रि हुन नसकि बाहिरि व्यापारि मार्फत खरिद भएको अभिलेख**

| क्र.स. | कृषकको नामथर | कृषकको फोन नं. | खरिदकर्ताको नामथर | खरिदकर्ताको फोन नं. | बिक्रि वस्तु | बिक्रि परिमाण (ईकाइ अनुसार) | बिक्रि मूल्य | जम्मा रकम | बिक्रि मिति | कृषकको हस्ताक्षर | कृषकको खाता नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उदाहरण १ | राम प्रसाद छन्त्याल | १२३४५६७८९० | श्याम प्रसाद वि.क. | ०९८७६५४३२१ | आलु | ३ पाथि (प्रचलित ईकाइ अनुसार राख्ने) | १५० | ४५० | २०८०/०८/०३ | | १२३४५६७८९० | |
| उदाहरण २ | हरि प्रसाद वि.क. | ५४३२१०९८७६ | श्याम प्रसाद छन्त्याल | ६७८९०१२३४५ | किवि | ३ के.जी (प्रचलित ईकाइ अनुसार राख्ने) | २५० | ७५० | २०८०/०८/०३ | | १२३४५६७८९० | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले,

अमित परियार

प्रमुख प्रशासकीय अधिकृत